अन्नपूर्ण गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय पोखरेबगर, म्याग्दी नेपाल २०७३

आज मिति २०८१।०९।२६ गते (ने.स.११४५ पोहेलाथ्व एकादशी) शुक्रबारका दिन विहान ८:०० बजे अन्नपूर्ण गाउँपालिका म्याग्दीको गाउँ कार्यपालिकाको आ.व. २०८१/८२ को १५ औ बैठक गाँउपालिका अध्यक्ष श्री भारत कुमार पुनको अध्यक्षतामा तपसिलको उपस्थितिमा सम्पन्न भयो।

तपसिल :

| नाम थर | पद | हस्ताक्षर |
|---|---|---|
| भारत कुमार पुन | अध्यक्ष | |
| दिवा कुमारी तिलिजा पुन | उपाध्यक्ष | |
| दिलिप कुमार गर्बुजा | सदस्य ( वडा नं. १ अध्यक्ष) | |
| ओम प्रसाद फगामी | सदस्य ( वडा नं. २ अध्यक्ष) | |
| रमेश पुर्जा | सदस्य ( वडा नं. ३ अध्यक्ष) | |
| लोक बहादुर फगामी | सदस्य ( वडा नं. ४ अध्यक्ष) | |
| राजेश तिलिजा पुन | सदस्य ( वडा नं. ५ अध्यक्ष) | |
| राम बहादुर खड्का | सदस्य ( वडा नं. ६ अध्यक्ष) | |
| मइलन पुर्जा पुन | सदस्य ( वडा नं. ७ अध्यक्ष) | |
| खम बहादुर गर्बुजा पुन | सदस्य ( वडा नं. ८ अध्यक्ष) | |
| देव कुमारी पुन | सदस्य | |
| गेम माया पुन | सदस्य | |
| आशा गुरुङ्ग | सदस्य | |
| विष्णु कुमारी गर्बुजा | सदस्य | |
| विर बहादुर पौडेल | सदस्य | |
| मिठु वि.क | सदस्य | |
| राम प्रसाद शर्मा कंडेल | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

अन्य उपस्थिति :

| | | |
|---|---|---|
| नविन पौडेल | लेखा अधिकृत | |
| रमेश थापा | सूचना प्रविधि अधिकृत | |
| | | |

# अन्नपूर्ण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## पोखरेबगर म्याग्दी

गण्डकी प्रदेश, नेपाल।

अन्नपूर्ण गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय पोखरेबगर, म्याग्दी गण्डकी प्रदेश, नेपाल २०७३

कार्यपालिका बैठक मिति : २०८१।०९।२६ गते

समय : विहान ८:०० बजे

कार्यपालिका बैठकको एजेण्डा अध्यक्षबाट स्वीकृत मिति : २०८१।०९।२२ गते

**मिति २०८१।०९।२६ गतेको कार्यपालिका बैठकका प्रस्तावहरु:-**

प्रस्ताव नं १ हेलो सरकारमा परेका गुनासो सम्बोधन सम्बन्धमा,

प्रस्ताव नं २ प्रशासकीय भवनकोलागि थप जग्गा सम्बन्धमा

प्रस्ताव नं ३: गाउँसभाको २० औ अधिवेशनमा पेश गर्नुपर्ने योजनाहरु/कार्यक्रमहरुको सम्बन्धमा

रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

भारत कुमार पुन
अध्यक्ष

अन्नपूर्ण गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पोखरेबगर, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

निर्णय नं १ :

प्रस्ताव नं १ उपर छलफल गर्दा नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत हेलो सरकार मा प्रनिश थापा (मो.९८६७८६६१९९) राखेको पब्लिक गुनासो संबोधनको विषयमा तपसिल बमोजिम गर्ने ।

१. प्रनिश थापा (मो. ९८६७८६६१९९) ले मिति २०८१।०८।०६ गते घोडेपानी जोड्ने पोखरेवगर-चित्रे सडक अझै सञ्चालन नभएको भन्ने विषयमा गुनासो गर्नु भएको विषयमा छलफल गर्दा उक्त सडकको लुलाय घुम्ती, हल्लेखर्क, घोप्टेखर्कको विभिन्न स्थानमा पहिरो गई भत्केको र उक्त सडक आयोजना स्थानीय विकास पुर्वाधार आयोजना कार्यालय पोखराले सम्बन्धित घारखोला-खिवाङ-शिख-घोडेपानी सडक निर्माण कार्यको कार्य गर्ने निर्माण कम्पनी मोतिदान-जयमाता जे.भी.को आधिकारिक प्रतिनिधिलाई मर्मत कार्य अघि बढाउन निर्देशन गरिसकेको र यस गाउँपालिकाबाट आगामी गाउँसभाबाट केही बजेट विनियोजन गरी मर्मत गर्ने कार्य अघि बढाउने निर्णय गरेको जानकारी गराउने ।
२. प्रनिश थापा (मो. ९८६७८६६१९९) ले मिति २०८१।०९।१२ गते अस्पताल भवन प्रयोगविहिन रहेको विषयमा गुनासो गर्नु भएको विषयमा छलफल गर्दा यस गाउँपालिकाको वडा नं १ दोवामा बनेको ५ शैयाको अस्पताल को लागि आवश्यक दरबन्दी, सेवा, सुविधा, औषधी, यन्त्र उपकरण प्रवन्ध गरिदिनु हुनको लागि नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा पटक पटक पत्राचार हुँदा पनि दरबन्धी, सेवासुविधा, औषधी र यन्त्र उपकरण व्यवस्थापन नभएको र गाउँपालिकाको आफ्नै स्रोत र साधनबाट पनि सञ्चालन गर्न चुनौती रहेको छ। तसर्थ यस सम्बन्धमा पुन सङ्घीय सरकार, प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरुलाई पत्राचार गर्ने ।

निर्णय नं २:

प्रस्ताव नं २ उपर छलफल गर्दा गाउँपालिकाको प्रशासकीय भवन निर्माणको लागि थप जग्गा लिने र गाउँपालिकाले पहिलै संरचना निर्माण गरेको गरिसकेको सम्बन्धमा स्थानीय जग्गाधनीहरुसंग छलफल गर्न मिति २०८१।०९।१५ गते गठन भएको समितिले स्थानीय सरोकारवाला व्यक्तिहरुसंग छलफल गरेको निर्णयहरुको उपर छलफल गरियो। सो सम्बन्धमा गाउँपालिकाले अधिग्रहण प्रकृया अगाडी बढाईएको वडा नं. ६ स्थित धिर्च्याङ्गको जग्गा प्राप्ति प्रकृयालाई अगाडी बढाई नियमानुसार मुआव्जा उपलब्ध गराउने र उक्त स्थानमा प्रशासकीय भवन निर्माण प्रकृया अगाडी बढाउने । गाउँपालिकाको प्रयोजनको लागि आवश्यक पर्ने थप जग्गा पोखरेबगर बजार

क्षेत्रमा अधिग्रहण प्रकृया अगाडी बढाउन गाउँपालिकाको श्रोतबाट खर्च व्यहोर्ने गरी जग्गा प्राप्ति ऐन, २०३४ बमोजिम प्रकृया अगाडि बढाउन गाउँसभामा पेश गर्ने ।

निर्णय नं ३:

प्रस्ताव नं ३ उपर छलफल गर्दा आ.व. २०८१।८२ को १९ औ अधिवेशनबाट स्वीकृत भएको योजना/कार्यक्रमहरुको शिर्षक परिवर्तन गर्नुपर्ने, रकामान्तर गर्नुपर्ने, सभाबाट अनुमोदन गर्नु/गराउनु पर्ने विवरणहरु वडा कार्यालयहरु, शाखाहरुबाट संकलन गरी एकमुष्ट विवरण तयार गर्ने र आगामी कार्यपालिकाबाट बैठकमा पेश गर्ने ।

रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

भारत कुमार पुन
अध्यक्ष